बकैया गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

छतिवन, मकवानपुर
३ नं. प्रदेश, नेपाल

## क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७४/११/०४**

यस बकैया गाउँ कार्यपालिकाको कार्यालयको आ.ब. ०७४/०७५ को स्विकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनि वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिम प्रस्ताव दर्ता गराउन हुन सम्बन्धीत उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनि वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.ब. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकासित भएको मितिले दशौं दिन कार्यालय समय भित्र उपस्थीत हुनपर्नेछ ।
३. यो सूचना प्रथम पटक प्रकासित भएको एघारौ दिन ( मिति २०७४/११/१४ गते) १२:०० बजे भित्र यस गाउँ कार्यपालिका कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ ।
४. साथै सूचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुले सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५. सवारी साधनको विस्तृत स्पेसिफिकेसन यस कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिनुका साथै यस कार्यालयको वेभसाइट www.bakaiyamun.gov.np मा समेत हेर्न सकिनेछ ।

सवारी साधानको विवरण :

| क्र. सं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | **BRM/Mak/Catl/1/074/075** | चारपाग्रे सवारी साधन (**4WD Double Cab Pick-up**) | • Double cap pick-up, Right hand drive model with two and four wheel drive mode<br>• The vehicle shall have seating capacity at least 5 passenger including driver<br>• Water cooled diesel engine.<br>• Power assisted/power steering | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |
| २ | **BRM/Mak/Catl/2/074/075** | मोटर साइकल (Motor cycle) १४५-१६० सी.सी. | • Motorcycle of sturdy design, suitable for driving on rough road<br>• Minimum five speed manual gear<br>• Minimum one year warranty and five times free services after delivery | १० (दश) | |

**प्रमुख प्रशासकीय अधिकृत**